मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
९८५४०२८२१८
९८०२५९२७९९
९८०३४७४३११
९८१७८०६३९५

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

नालामा शिशुको शव

मधेशदृष्टि
वीरगंज ।
वीरगंजस्थित जिल्ला प्रशासन कार्यालय नजिकैको नालामा आज नवजात शिशुको शव फेला परेको छ । नालामा शिशुको शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।
घटनास्थल पुगेको प्रहरीले शवलाई बरामद गरेर घटनाबारे अनुसन्धान अघि बढाएको छ । प्रहरीका अनुसार शिशुको शब कसले त्यहाँ छाडेको हो, मृत्यु कसरी भयो र शव नालासम्म कसरी पुग्यो र भन्ने विषयमा अनुसन्धान भइरहेको छ । शिशुको पहिचान खुलाउने प्रयाससमेत भइरहेको प्रहरीले जनाएको छ ।
व्यस्त तथा संवेदनशील क्षेत्र मानिने जिल्ला प्रशासन कार्यालय अगाडि नवजात शिशुको शव भेटिएपछि स्थानीयमा घटनाप्रति चासो बढेको छ ।

● वर्ष ४ ● अंक २४६ ● २०८३ साल श्रावण २७ गते बुधबार ● Wednesday 12, August 2026 ● सूर्योदय: बिहान ०५:२२ बजे ● सूर्यास्त: साँझ ०७:०१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

तस्करीको सामान नछोडेपछि सप्तरी प्रहरीविरुद्ध अफवाह तीब्र !

मधेशदृष्टि
सप्तरी ।
तस्करीबाट बरामद भएको सामान कानुनी प्रक्रिया पूरा नगरी छाड्न अस्वीकार गरेपछि सप्तरी प्रहरीलाई बद्नाम गराउने उद्देश्यले केही तस्कर समूह सक्रिय भएको पाइएको छ । प्रहरीले नियन्त्रणमा लिएको तस्करीको सामान र त्यसको ढुवानीमा प्रयोग भएको मोटरसाइकल छुटाउन विभिन्न माध्यमबाट दबाब आएपनि प्रहरी त्यसबाट पछि नहटेपछि प्रहरीविरुद्ध भ्रमपूर्ण समाचारसहितका प्रचार र अफवाह फैलाउने प्रयास भएको प्रहरीको दाबी छ ।
सप्तरीको 'बोदेबरसाइन नगरपालिका–५' स्थित प्रहरीले भन्सार छली गरी भारतबाट नेपालतर्फ ल्याइँदै गरेको मोबाइलका पार्टपुर्जासहित एउटा मोटरसाइकल नियन्त्रणमा लिएपछि यो विवाद सतहमा आएको हो । साउन १८ गते शंकास्पद अवस्थामा रहेको मोबाइलका पार्टपुर्जा र ती सामग्री ओसारपसारमा प्रयोग भएको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिन खोज्दा तस्करहरु मोटरसाइकलसहितको सामान छाडेर फरार भएका थिए । तस्कर फरार भएपछि प्रहरीले बरामद सामग्रीलाई आवश्यक मुचुल्कासहित नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ । तर, सामान र मोटरसाइकल छुटाउन केही व्यक्तिहरू प्रहरी कार्यालयसम्म पुगेको तथा विभिन्न व्यक्तिबाट पटक–पटक फोनमार्फत दबाबसमेत आउँदा प्रहरी सामान नछाडेपछि प्रहरी विरुद्ध अफवाह फैलाउने कार्य गरिएको बताइएको छ ।
प्रहरीका अनुसार बरामद मोबाइलका पार्टपुर्जा 'सुनिल मण्डल' को भएको प्रारम्भिक जानकारी प्राप्त भएको थियो । घटनापछि मण्डल भने फरार रहेको बताइएको छ । यता, बरामद सामग्री छुटाउन देव यादव प्रहरी कार्यालय पुगेका थिए । तर उनलाई 'प्रहरीले समातेर पछि छाडेको' भनेर अफवाह तस्कर समूहले फैलाउन थाले । यादव सामान छुटाउन प्रहरी कार्यालय गएपनि उक्त सामान आफ्नो नभएको बताएपछि प्रहरीले सामान नछोडी यादवलाई फर्काएका थिए ।
जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख 'एसपी रुपक खड्का'का अनुसार प्रहरीले व्यक्तिको दबाब वा दाबीका आधारमा नभई प्रमाण र कानुनी प्रक्रियाका आधारमा मात्रै निर्णय गरिरहेको छ । यादवले समेत आफू उक्त घटनामा संलग्न नरहेको तथा बरामद सामग्री आफ्नो नभएको बयान दिएको प्रहरीले जनाएको छ । आवश्यक सोधपुछका क्रममा उनको संलग्नता पुष्टि हुने आधार नदेखिएपछि उनलाई छाडिएको सप्तरी प्रहरीको भनाई छ । तर, बरामद मोबाइलका पार्टपुर्जा र मोटरसाइकल भने प्रहरीले छाडेको छैन । कानुनी प्रक्रिया अगाडि बढिसकेकाले प्रमाणका रूपमा नियन्त्रणमा रहेका सामग्रीलाई आफूखुसी फिर्ता गर्न नमिल्ने प्रहरीको स्पष्ट अडान छ ।
एस.पी. खड्काले प्रहरीले बरामद भएको वास्तविक सामग्री मात्रै मुचुल्कामा उल्लेख गरेको र कानुनी प्रक्रिया पूरा नगरी कुनै पनि सामान छाड्न नसकिने बताए । उनका अनुसार बरामद सामग्री र त्यसलाई ओसारपसारमा प्रयोग गरिएको मोटरसाइकल सम्बन्धित भन्सार कार्यालयमा बुझाइसकिएको छ । प्रहरीका अनुसार सामान छुटाउन दबाब दिने प्रयास असफल भएपछि केही समूहले प्रहरीमाथि नै प्रश्न उठाउने, भ्रम सिर्जना गर्ने तथा नकारात्मक प्रचार गर्ने गतिविधि सुरु गरेको देखिएको छ । प्रहरीको दाबीअनुसार तस्करीमा संलग्न समूहका व्यक्तिहरूले आफ्नो स्वार्थ पूरा नभएपछि प्रहरीको कार्यशैलीमाथि गलत सूचना प्रवाह गर्ने प्रयास गरेका हुन् ।
यस घटनामा केही स्थानीय पत्रकारसमेत तस्करीसँग जोडिएका व्यक्तिहरूको पक्षमा सक्रिय भएको पाइएको छ । प्रहरी स्रोतका अनुसार बरामद सामान फिर्ता गराउन खोज्ने समूहको प्रयास असफल भएपछि प्रहरीविरुद्ध विभिन्न किसिमका अफवाह फैलाइएको हो । पछिल्लो समय सप्तरीका विभिन्न सीमावर्ती क्षेत्रबाट प्रहरीले लागूऔषध, गाँजालगायत तस्करीसँग सम्बन्धित सामग्री नियन्त्रणमा लिने क्रम बढाएको जनाएको छ । यही क्रममा मोबाइलका पार्टपुर्जा बरामद भएको घटनालाई अतिरञ्जित बनाएर प्रहरीको ध्यान अन्य तस्करीका घटनाबाट मोड्ने प्रयास भएको हुनसक्ने प्रहरी स्रोतको आकलन छ ।
सीमावर्ती जिल्लाका रूपमा सप्तरीमा भारतबाट भन्सार छली गरी विभिन्न वस्तु नेपाल भित्र्याउने प्रयास हुँदै आएको छ । यस्तो गतिविधि नियन्त्रण गर्न प्रहरीले सीमाक्षेत्रमा निगरानी बढाउँदै आएको जनाएको छ । प्रहरीका अनुसार भन्सार छलीबाट हुने कारोबार नियन्त्रण गर्नु प्रहरी, भन्सार प्रशासन र अन्य सुरक्षा निकायको कानुनी दायित्व भएकाले बरामद सामग्रीलाई प्रक्रिया पूरा नगरी छाड्ने प्रश्नै उठ्दैन । प्रहरीले बरामद भएको मोबाइलका पार्टपुर्जा र मोटरसाइकललाई सम्बन्धित निकायमा बुझाइसकेको अवस्थामा अब यसको स्वामित्व, ओसारपसारको उद्देश्य तथा भन्सार छली भएको वा नभएको विषयमा सम्बन्धित निकायबाट थप अनुसन्धान हुने जनाएको छ ।
प्रहरीले घटनामा संलग्न व्यक्तिको पहिचान र भूमिकासमेत प्रमाणका आधारमा निर्धारण गरिने स्पष्ट पारेको छ । कुनै व्यक्तिको नाम जोडिँदैमा वा दबाबका आधारमा दोषी ठहर गर्नेभन्दा प्रमाणका आधारमा अनुसन्धान अघि बढाउने नीति रहेको एसपी खड्काको भनाइ छ ।
प्रहरीमाथि अफवाह फैलाइएको दाबीका विषयमा पनि प्रहरीले कानुनी आधारबिना गरिएको प्रचारलाई आफूहरूले अनुसन्धानको काम प्रभावित पार्ने प्रयासका रूपमा लिएको जनाएको छ । प्रहरीको भनाइमा, बरामद सामग्री नछाडेकै कारण आफूहरूमाथि गलत प्रचार गरिनु कानुनी प्रक्रिया कमजोर पार्ने प्रयास हुनसक्छ ।
अहिले बरामद मोबाइलका पार्टपुर्जा, मोटरसाइकल तथा घटनासँग सम्बन्धित व्यक्तिहरूबारे थप अनुसन्धान भइरहेको छ । प्रहरी उपरीक्षक खड्काले अनुसन्धानका लागि छानविन समिति गठन भएकोले समितिको प्रतिवेदनले घटनाको सत्य तथ्य बाहिर आउने बताए । तस्करी नियन्त्रणका क्रममा बरामद सामग्रीमाथि कुनै पनि किसिमको दबाब वा प्रभावका आधारमा सम्झौता नगर्ने प्रहरीको अडानले सप्तरीमा सीमापार अवैध कारोबार नियन्त्रणलाई थप कडाइ गर्ने संकेत दिएको छ । बरामद वस्तु कानुनी प्रक्रियामा गइसकेपछि फिर्ता गर्न अस्वीकार गरिएको घटनाले तस्करी नियन्त्रणमा प्रहरीको भूमिकामाथि उठेका प्रश्नभन्दा पनि बरामद सामान छुटाउन भएको भनिएको दबाब र त्यसपछि सुरु भएको प्रचारबाजीलाई मुख्य विषय बनाएको छ ।

सुनसरी र सिरहा जिल्लाको प्रदर्शनमा ज्यान गुमाएका ४ जनालाई सहिद घोषणा गरिने

मधेशदृष्टि
काठमाडौँ ।
सरकारले सुनसरी र सिराहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका चारजनालाई सहिद घोषणा गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को साउन २६ गते बसेको बैठकले सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रवीन्द्रकुमार मेहता तथा सिराहाका गणेशकुमार यादवलाई सहिद घोषणा गर्ने निर्णय गरेको हो ।
शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री तथा सरकारका प्रवक्ता सस्मिता पोखरेलले मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै उक्त जानकारी दिनुभएको हो । यसैगरी सरकारले विद्युतीय एम्बुलेन्स तथा शव वाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क र मूल्य अभिवृद्धि कर (भ्याट) पूर्ण रूपमा छुट दिने निर्णय गरेको छ ।

सरकारले पोर्चुगल सरकारलाई काठमाडौँमा कन्सुलर कार्यालय खोल्न सहमति दिने निर्णयसमेत गरेको छ ।
बैठकले वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा बाराका निर्मलकुमार उप्रेतीलाई नियुक्त गर्ने निर्णय गरेको प्रवक्ता पोखरेलले जानकारी दिए ।
त्यस्तै पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित एनसेलको सेयर खरिद–बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णयसमेत मन्त्रिपरिषद् बैठकले गरेको छ ।

लालबकैया नदीमा नुहाउन गएका तीन बालबालिका बेपत्ता

मधेशदृष्टि
रौतहट ।
रौतहटको देवाही गोनाही नगरपालिका–२ लक्ष्मिनियास्थित लालबकैया नदीमा नुहाउन गएका तीन बालबालिका मंगलबार दिउँसोदेखि बेपत्ता भएका छन् । नदीमा नुहाउने क्रममा दिउँसो करिब १०:५० बजे तीनै जना डुबेर बेपत्ता भएको खबर पाएपछि सुरक्षाकर्मी घटनास्थल पुगेका थिए । बेपत्ता हुनेमा स्थानीय शेख अमरे आलमका १० वर्षीय छोरा मोहम्मद रमतुल्लाह, शेख खुरौसेदकी १० वर्षीया छोरी रौशन खातुन र शेख ओसि अख्तरकी १० वर्षीया छोरी सवनम खातुन रहेका छन् ।
घटनापछि सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश देवाहीबाट सशस्त्र प्रहरी सहायक निरीक्षक भक्तबहादुर शाहीको कमान्डमा सात जना र इलाका प्रहरी कार्यालय देवाही गोनाहीबाट प्रहरी निरीक्षक तेजप्रसाद भट्टराईको कमान्डमा १६ जनाको टोली खोजीमा खटिएको छ । सामान्य खोजीबाट बालबालिका फेला नपरेपछि उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटबाट सशस्त्र प्रहरी सहायक निरीक्षक भीमबहादुर पुनको कमान्डमा नौ सदस्यीय डाइभिङ तथा उद्धार टोली रबर बोटसहित घटनास्थलतर्फ पठाइएको छ ।
बालबालिका बेपत्ता भएपछि घटनास्थलमा परिवारजनको रुवाबासी चलेको छ । सुरक्षाकर्मीसँगै स्थानीय बासिन्दासमेत नदीमा बालबालिकाको खोजीमा जुटेका छन् । लालबकैया नदीमा पानीको बहाव र गहिराइ बढी भएकाले खोजी कार्यमा कठिनाइ भइरहेको प्रहरीले जनाएको छ । बेपत्ता तीनै बालबालिकाको खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

चारबुँदे सहमतिपछि आमरण अनशन तोडियो

मधेशदृष्टि
काठमाडौँ ।
सुनसरीको देवानगञ्ज घटनाका पीडितलाई न्याय, हिन्दु हितको संरक्षण तथा सुरक्षा व्यवस्थाको माग गर्दै आमरण अनशनमा बसेका राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादवले अनशन स्थगित गरेका छन् । सरकारसँग चारबुँदे लिखित सहमति भएपछि यादवले तत्कालका लागि आमरण अनशन स्थगित गरेका हुन् ।
यादव साउन १४ गतेदेखि काठमाडौँको माइतीघर मण्डलामा आमरण अनशनमा बसेका थिए । देवानगञ्ज गाउँपालिका–३ कप्तानगञ्जमा भएको घटनाका पीडितलाई न्याय, दीर्घकालीन नीतिगत स्पष्टता तथा सुरक्षा व्यवस्थाको माग गर्दै उनले सरकारसमक्ष छ बुँदे माग अघि सारेका थिए ।
राष्ट्रिय एकता दलका केन्द्रीय सदस्य मानिष पूर्वेद्वारा जारी विज्ञप्तिमा सरकारसँग अध्यक्ष यादवले अघि सारेका मागका विषयमा चारबुँदे लिखित सहमति भएपछि तत्कालका लागि आमरण अनशन स्थगित गरिएको उल्लेख छ ।
दलले सुनसरी घटनाका पीडित तथा प्रभावित परिवारका पक्षमा सरकारले गरेको प्रतिबद्धताअनुसार यथाशीघ्र काम अघि बढ्ने विश्वास व्यक्त गरेको छ ।
साथै, हिन्दु धर्म, संस्कृति र पहिचानको संरक्षणका लागि आवश्यकता अनुसार आगामी दिनमा पनि आन्दोलन जारी राख्ने जनाएको छ ।
यादवले कुमारी कन्याको हातबाट जुस पिएर आमरण अनशन स्थगित गरेका थिए । १३ दिनसम्म आमरण अनशनमा बसेका यादवको स्वास्थ्य अवस्था कमजोर बन्दै गएपछि सरकारसँगको सहमतिपछि अनशन स्थगित गरिएको दलले जनाएको छ ।

एन्टी स्नेक भेनम सकिएपछि सर्पदंशका विरामीको उपचार प्रभावित

मधेशदृष्टि
वीरगंज ।
वीरगंजस्थित नारायणी अस्पतालमा सर्पदंशका बिरामीलाई दिइने एन्टी स्नेक भेनम (एएसभी) इन्जेक्सनको मौज्दात सकिएपछि उपचार प्रभावित भएको छ । अस्पतालमा सोमबारदेखि नै एएसभी उपलब्ध नभएपछि सर्पले टोकेर आउने बिरामीलाई अन्य अस्पताल तथा उपचार केन्द्रमा पठाउन थालिएको छ ।
अस्पताल प्रशासनले सोमबार सूचना जारी गर्दै एएसभी इन्जेक्सनको मौज्दात सकिएको र सम्बन्धित कार्यालयबाट आपूर्ति हुन नसकेको जनाएको छ । साथै, उपचारमा परेको असुविधाप्रति बिरामी तथा आफन्तसँग क्षमासमेत मागेको छ । नारायणी अस्पतालको आकस्मिक कक्षमा कार्यरत स्वास्थ्यकर्मी प्रहलाद प्रसाद साहका अनुसार अस्पतालमा दैनिक औसत ७ देखि ८ जना सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन् ।

अस्पतालमा भेनमको मौज्दात घट्दै गएपछि यसअघि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरको निर्देशनमा पर्साको ठोरी, बाराको निजगढ, कौल्हबी र सर्लाहीको नवलपुरलगायतका सर्पदंश उपचार केन्द्रबाट एएसभी ल्याएर उपचार सञ्चालन गरिएको थियो ।
यसैविच पर्सा निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधी सभा सदस्य सुशील साह कानुले वीरगंजस्थित नारायणी अस्पतालमा एन्टिस्नेक भेनम इन्जेक्सनको अभाव बारे स्वास्थ्य मन्त्रालयसँग समन्वय गरेका छन् । सांसद कानुले मधेस प्रदेश स्वास्थ्य निर्देशनालयमार्फत आवश्यक एन्टिस्नेक भेनम नारायणी अस्पतालमा पठाउने व्यवस्था मिलाइएको जानकारी दिएका छन् । सर्पदंशका बिरामीको उपचारमा अत्यावश्यक औषधिको अभाव हुन नदिन सम्बन्धित निकायसँग निरन्तर समन्वय तथा सहजीकरण गरिरहेको सांसद कानुले बताए ।

सम्पादकीय

लघुवित्तको संकटः

ऋणको होइन, विश्वासको प्रश्न !

नेपालमा लघुवित्तको इतिहास केवल ऋण दिने संस्थाहरूको विस्तारको कथा होइन । यो वित्तीय पहुँचबाट वर्षौंसम्म वञ्चित ग्रामीण, विपन्न, महिला र साना उद्यमीलाई औपचारिक अर्थतन्त्रसँग जोड्ने महत्वपूर्ण अभियानको इतिहास पनि हो । तीन दशकअघि सीमित पहुँच र स्रोतका बीच सुरु भएको लघुवित्त आज लाखौं नागरिकको आर्थिक जीवनसँग जोडिएको छ । बचत गर्ने बानीको विकासदेखि साना व्यवसाय सञ्चालन, महिलाको आर्थिक सहभागिता र ग्रामीण अर्थतन्त्रको चलायमानतासम्म लघुवित्तको योगदान अस्वीकार गर्न सकिँदैन । तर विडम्बना के छ भने, जसले विपन्न नागरिकलाई वित्तीय प्रणालीसँग जोड्यो, आज त्यही प्रणालीप्रति ठूलो वर्गमा अविश्वास पैदा भएको छ । ऋणीका सडक आन्दोलन, कर्जा तिर्न नसक्ने अवस्था, निष्क्रिय कर्जाको बढ्दो दर, बहुऋण, संस्थाहरूको कार्यशैलीप्रति असन्तुष्टि र लघुवित्तलाई शोषणको माध्यमका रूपमा चित्रित गर्ने प्रवृत्ति सामान्य समस्या होइनन् । यी लक्षण हुन् एउटा गहिरो संरचनागत संकटका । र त्यस संकटको सबैभन्दा गहिरो तहमा छ विश्वासको संकट।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार देशभरका ५१ लघुवित्त संस्थाले करिब ६५ लाख ग्राहक सदस्य र २७ लाख ऋणी सदस्यलाई सेवा दिइरहेका छन् । करिब ६ खर्ब रुपैयाँको कोष परिचालन भइरहेको यो क्षेत्र सानो आर्थिक गतिविधि होइन । यसमा देखिएको समस्या केही संस्था वा केही ऋणीको व्यक्तिगत समस्या भनेर पन्छाउन मिल्दैन । यो वित्तीय प्रणाली, नियमन, सामाजिक संरचना र आर्थिक नीतिसँग प्रत्यक्ष जोडिएको विषय हो । लघुवित्तको संकट आज अचानक आएको होइन । २०७२ को भूकम्पले ग्रामीण अर्थतन्त्रलाई ठूलो धक्का दियो । त्यसबाट पूर्ण रूपमा उठ्न नपाउँदै कोभिड–१९ महामारीले साना व्यवसाय, कृषि, पर्यटन र अनौपचारिक क्षेत्रको नगद प्रवाह तहसनहस बनायो । लाखौं परिवारको आम्दानी घट्यो, तर ऋणको दायित्व घटेन । यहीबीच लघुवित्त संस्थाबीचको प्रतिस्पर्धा पनि तीव्र हुँदै गयो । वित्तीय पहुँच विस्तार गर्ने उद्देश्य बिस्तारै ग्राहक र ऋण पोर्टफोलियो विस्तार गर्ने होडमा बदलियो । समस्या त्यहींबाट गम्भीर बन्यो । एउटै व्यक्तिले विभिन्न संस्थाबाट ऋण लिन सक्ने अवस्था बन्यो।

ऋणीको वास्तविक आम्दानी, व्यवसायको क्षमता र भुक्तानी सामर्थ्यभन्दा ऋण विस्तारलाई प्राथमिकता दिइयो । कतिपय अवस्थामा उत्पादनशील कामका लागि लिएको ऋण पुरानो ऋण तिर्न, उपभोग खर्च धान्न वा अर्को संस्थाको किस्ता बुझाउन प्रयोग हुन थाल्यो । यसरी ऋणले आय सिर्जना गर्नुपर्ने ठाउँमा ऋणले ऋण धान्ने चक्र निर्माण ग¥यो । बहुऋणको समस्या यही विकृतिको परिणाम हो । तर यहाँ एउटा गम्भीर प्रश्न उठ्छ बहुऋण लिने ग्राहकलाई मात्र दोषी ठहराएर के समस्या समाधान हुन्छ ? पक्कै हुँदैन । ऋणीको भुक्तानी क्षमता मूल्याङ्कन नगरी ऋण दिने संस्था, ग्राहकको समग्र ऋण दायित्व हेर्न नसक्ने सूचना प्रणाली, जोखिम बढिरहेको देख्दादेख्दै प्रभावकारी हस्तक्षेप गर्न नसक्ने नियामक र समस्यालाई समयमै सम्बोधन गर्न नसक्ने राज्य यी सबैले संकट निर्माणमा आफ्नो हिस्सा बोकेका छन् । अझ दुःखद पक्ष के हो भने, समस्या पहिचान गर्न नेपालमा प्रतिवेदनको अभाव थिएन । नेपाल राष्ट्र बैंकको २०८० को अध्ययन र नेपाल सरकारको २०८१ को कार्यदल प्रतिवेदनले बहुऋण, ग्राहक संरक्षण, सुशासन, नियमन, जोखिम व्यवस्थापन, सूचना प्रणाली र सामाजिक कार्यसम्पादनलगायतका विषयमा स्पष्ट सुझाव दिएका छन् । छोटो, मध्यम र दीर्घकालीन कार्ययोजनासमेत प्रस्तुत भएका छन् । तर प्रश्न अझै उही छ प्रतिवेदन कहाँ छन् र कार्यान्वयन कहाँ छ ?

राज्यको सबैभन्दा ठूलो कमजोरी यही हो । समस्या देखिन्छ, समिति बन्छ, अध्ययन हुन्छ, प्रतिवेदन तयार हुन्छ, सार्वजनिक बहस हुन्छ र त्यसपछि फाइल बन्द हुन्छ । संकट भने फाइलमा बन्द हुँदैन । त्यो ऋणीको घरमा पुग्छ, संस्थाको ब्यालेन्ससिटमा पुग्छ, कर्मचारीको तनावमा पुग्छ र अन्ततः वित्तीय प्रणालीप्रतिको नागरिकको विश्वासमा पुग्छ । लघुवित्तको मूल शक्ति धितो होइन, सामाजिक पूँजी थियो । समूह, पारस्परिक सहयोग, साझा उत्तरदायित्व, सामाजिक प्रतिष्ठा र विश्वासका आधारमा धितोविहीन वा न्यून धितोमा वित्तीय सेवा विस्तार गर्ने यसको अवधारणा नै फरक थियो । तर जब समूह पियर सपोर्टको माध्यमबाट पियर प्रेसरको माध्यम बन्न थाल्यो, जब ग्राहकलाई उद्यमी बनाउनेभन्दा किस्ता असुलीलाई सफलता मान्न थालियो र जब सामाजिक सम्बन्ध वित्तीय अनुशासनभन्दा दबाबको साधन बन्न थाले, तब लघुवित्तको आत्मा कमजोर भयो।

अर्कोतर्फ, 'ऋण तिर्नु पर्दैन' भन्ने गलत मनोवृत्ति फैलिनु पनि उत्तिकै खतरनाक छ । ऋणीका जायज समस्या सुन्नुपर्छ, अन्यायपूर्ण असुली भए रोक्नुपर्छ, जिम्मेवार कर्जा प्रणाली निर्माण गर्नुपर्छ । तर ऋण मिनाहा नै सबै समस्याको समाधान हो भन्ने राजनीतिक नाराले वित्तीय अनुशासन ध्वस्त पार्छ । त्यसले इमानदार ऋणीलाई पनि निरुत्साहित गर्छ र भविष्यमा विपन्न नागरिकका लागि वित्तीय पहुँच झनै कठिन बनाउँछ । त्यसैले अहिले आवश्यक कुरा दोषारोपण होइन, विश्वास पुनर्निर्माण हो । लघुवित्तलाई ऋण वितरण गर्ने मेसिनबाट विकास साझेदारमा रूपान्तरण गर्नुपर्छ । ग्राहकको वास्तविक आवश्यकता, आम्दानी र नगद प्रवाहका आधारमा कर्जा दिनुपर्छ । किस्ता पनि ग्राहकको नगद प्रवाहसँग मिल्ने हुनुपर्छ । ग्राहकलाई कर्जा लिनुअघि र लिएपछि वित्तीय साक्षरता, व्यवसायिक परामर्श, बजार पहुँच र जोखिम व्यवस्थापनको सहयोग उपलब्ध हुनुपर्छ । लघुवित्तलाई 'क्रेडिट प्लस' मोडलमा लैजानु अब विकल्प होइन, आवश्यकता हो । बचत, बीमा, डिजिटल वित्तीय साक्षरता, व्यवसाय विकास, बजार पहुँच र आपूर्ति श्रृङ्खलासँग वित्तीय सेवाको सम्बन्ध जोड्न नसक्ने लघुवित्तले दीर्घकालीन रूपमा आफ्नो औचित्य प्रमाणित गर्न सक्दैन।

त्यसैगरी, एउटै प्रकारको ऋण सबै ग्राहकका लागि उपयुक्त हुन्छ भन्ने पुरानो सोच त्याग्नुपर्छ । हिमाल, पहाड र तराईका ग्राहकको आर्थिक संरचना फरक छ । किसान, पशुपालक, व्यापारी, महिला उद्यमी, युवा, पर्यटन व्यवसायी वा वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति सबैको नगद प्रवाह र जोखिम फरक हुन्छ । वित्तीय सेवा पनि त्यहीअनुसार फरक हुनुपर्छ । अब नियमन पनि पुरानै शैलीमा चल्न सक्दैन । नेपाल राष्ट्र बैंकले समस्या भएपछि कारबाही गर्ने प्रतिक्रियात्मक नियमनबाट जोखिम आउनुअघि पहिचान गर्ने पूर्वानुमानात्मक नियमनतर्फ जानुपर्छ । डिजिटल डेटा, वैकल्पिक क्रेडिट स्कोरिङ, प्रारम्भिक चेतावनी प्रणाली, बहुऋणको प्रभावकारी निगरानी र सामाजिक प्रभाव मापनलाई नियमनको अभिन्न हिस्सा बनाउनुपर्छ ।

सरकारले पनि लघुवित्तलाई केवल बैंक तथा वित्तीय संस्थाको विषय ठान्ने गल्ती गर्नु हुँदैन । यो गरिबी न्यूनीकरण, रोजगारी, कृषि, उद्यमशीलता र स्थानीय आर्थिक विकाससँग जोडिएको विषय हो । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरेर लघुवित्तलाई स्थानीय उत्पादन र बजारसँग जोड्न सकिएमा यसको प्रभाव गुणात्मक रूपमा बढ्न सक्छ । तर जिम्मेवारी संस्थाको र सरकारको मात्र होइन । ग्राहक पनि वित्तीय प्रणालीका जिम्मेवार साझेदार हुन् । उत्पादनशील प्रयोजनका लागि लिएको ऋण उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने, आफ्नो क्षमताभन्दा बढी ऋण नलिने, बचत गर्ने र सम्भव भएसम्म समयमै दायित्व पूरा गर्ने संस्कार आवश्यक छ । अधिकारसँगै उत्तरदायित्व पनि आउँछ।

तिम्बुङ पोखरीः प्रकृतिसँगको साक्षात्कार

सन्तोष पुर्कुटी

ताप्लेजुङ।

हिमाली प्रजातिका विभिन्न फूलहरूको मनमोहक दृश्य, धुपी र हिमाली वनस्पतिको मीठो सुगन्ध, हरियाली डाँडाकाँडा, याक र चौंरीका गोठ, चट्टानबीच छड्छड् गर्दै बग्ने खोल्सा र हिमालको अनुपम दृश्यले सजिएको तिम्बुङ पोखरी पछिल्लो समय पूर्वी नेपालको आकर्षक साहसिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदै गएको छ । यस पोखरीको प्रचारप्रसार बढ्दै जाँदा यहाँ आन्तरिक पर्यटकको चहलपहल पनि उल्लेखनीय रूपमा बढेको छ । हाल दैनिक सरदर दुई दर्जन बढी आन्तरिक पर्यटकहरू पुग्ने गरेका छन् । यहाँको प्रचारप्रसारसँगै पर्यटकको आगमन बढ्न थालेको स्थानीय पर्यटन व्यवसायी अमिर राई बताउँछन् । उनले तिम्बुङ पोखरीमा आउने पर्यटकको सुविधाका लागि पहिलोपटक सबैभन्दा माथि अर्थात् पोखरी नजिकै होमस्टे(घरवास पर्यटन) खोलेका छन् । समुद्री सतहदेखि करिब चार हजार ३५० मिटरको उचाइमा अवस्थित तिम्बुङ पोखरी पुग्नु आफैंमा एउटा अविस्मरणीय यात्रा हो । सदरमुकाम फुङलिङबाट करिब पाँचदेखि छ घण्टाको सवारी यात्रा र त्यसपछि एक दिनको पैदल यात्रा तय गरेपछि पुगिने यो पोखरीले यात्रुलाई केवल गन्तव्यको आनन्द मात्र होइन, यात्राका क्रममा नै प्रकृतिसँगको गहिरो साक्षात्कार पनि गराउँछ । तिम्बुङ पोखरी पुग्ने अधिकांश मानिसले स्वर्गकै अनुभूति हुने गरेको बताउँछन् ।

एक वर्ष पहिले तिम्बुङ पोखरी पुगेकी पवित्रा लिम्बूलाई पुनः एकपटक तिम्बुङ पोखरी पुग्ने रहर छ । 'पहिले तिम्बुङ पोखरी पुग्दा मैले जे अनुभव गरेँ, त्यो शब्दमा व्यक्त गर्न सक्दिन, त्यो यात्राले मेरो जीवनमा अविस्मरणीय सम्झना थपेको छ, यहाँको प्राकृतिक सौन्दर्य साँच्चै स्वर्गजस्तै लाग्यो', लिम्बूले भनिन् । यता पटक–पटक पुगे पनि फोटोपत्रकार डेभिट ओझा रहर मेटिएको छैन । ओझा भन्छन्, 'हरेक पटक पुग्दाको मौसम, त्यहाँको प्राकृतिक वातावरणले गहिरो छाप छोड्ने गर्छ, शान्त वातावरण, हिमालको सौन्दर्य, साहसिक पदयात्रा र त्यस क्षेत्रमा हुने स्वागत सत्कार लोभ लाग्दो छ ।' कतिपय परम्परागत गोठहरू गोठस्टे (पर्यटकलाई राख्न सकिने गोठ) मा परिणत हुँदा र नयाँनयाँ होमस्टे थपिँदा आफ्नोमा आकर्षण गर्न गोठस्टे, होमस्टेले स्वागत सत्कारका नयाँनयाँ तरिका अपनाउने गरेको उनले बताए । कतै छुर्पी खुवाएर, कतै तातोपानी, चिया खुवाएर आफ्नो परिवेशका कुरा सुनाएर यहाँका व्यवसायीले मक्ख बनाउने गरेको उनको अनुभव छ।

पदमार्गमा गोठस्टेको आकर्षण

आन्तरिक पर्यटकको आगमन बढेसँगै तिम्बुङ पोखरी जाने पदमार्गमा रहेका परम्परागत गोठहरू अहिले गोठस्टेमा रूपान्तरण हुन थालेका छन् । विभिन्न खर्कमा रहेका परम्परागत गोठका संरचनामा थप सुधार गरेर पर्यटकलाई खान बस्नको सुविधा सम्पन्न बनाइएका छन् । पहिले तिनै गोठमा असहज रुपमा बस्नुपथ्र्यो । तिम्बुङ क्षेत्रमा पर्यटकको चहलपहल बढेपछि गोठस्टेमा परिणत गर्नुपरेको एक पशुपालक व्यवसायीले बताए । स्थानीय गाउँहरूमा होमस्टे र साना गेष्टहाउस पनि सञ्चालनमा आएका छन् । यसले तीन वर्षअघिको तुलनामा पर्यटकलाई सहज हुन थालेको छ । तिम्बुङ पोखरीमा तीन वर्षयता उल्लेख्य रूपमा पर्यटकहरूको आगमन बढ्न थालेको हो । यहाँका गोठस्टेमा बस्नु बिलकुल फरक र रोचक अनुभव प्राप्त गर्नु हो । सहर तथा भीडभाडबाट केही दिन टाढिँदै गर्दा लेकका फाट्टफुट्ट गोठमा बस्दा जो कसैलाई फरक र रोचक अनुभव हुनेगर्छ । याक र चौंरी पाल्ने गोठालासँग आगो ताप्दै जीवनका भोगाइ सुन्ने, अगेनामा उम्लिरहेको ताजा दूधको सुवास महसुस गर्ने, लहरै झुन्ड्याइएका छुर्पी हेर्ने र त्यही दूधजन्य उत्पादनको स्वाद लिन पाउनु यात्राको विशेष आकर्षण बन्ने गर्छ । यस क्षेत्रमा खोलिएका होमस्टेहरूले पनि स्थानीय संस्कृति, हिमाली जीवनशैली र आत्मीय आतिथ्यको अनुभव गराउँदै आएका छन् । यात्राका क्रममा समय र आवश्यकताअनुसार गोठस्टे, होमस्टे वा गेष्टहाउस रोज्न सकिन्छ।

प्राकृतिक वातावरणसँग साक्षात्कार

तिम्बुङ पोखरी आसपासमा विशेषगरी केन्जो पाइन्छ । पदमचाललाई केन्जो भन्ने गरिएको छ । पोखरीमै पुगेपछि केन्जोले सबैको मनलाई आकर्षित गर्ने गर्छ तर तिम्बुङ पोखरीको यात्रामा पोखरी पुग्नुअघि बाटोभरि विभिन्न हिमाली प्रजातिका फूलहरूले डाँडाकाँडालाई रङ्गीन बनाएका हुन्छन् । जहाँ बगैंचामा कोही मालीले रोपेको, हुर्काएको जस्तै गरी ढकमक्क फुलेका विभिन्न फूलले उतै घर सारौं भन्ने धेरैलाई लाग्दो हो । चट्टानबीच छड्छड् गर्दै बग्ने ससाना खोल्साको मधुर आवाज, हरियाली वन, खुला चरन क्षेत्र र टाढासम्म देखिने हिमश्रृङ्खलाले सबैलाई स्वर्गकै आभास गराउँछ । तिम्बुङ पोखरी क्षेत्र प्राकृतिक सौन्दर्यले मात्र होइन, जैविक विविधताका दृष्टिले पनि अत्यन्त महत्वपूर्ण मानिन्छ । यहाँ विश्व संरक्षण सूचीमा रहेको रेड पाण्डासहित बहुमूल्य जडीबुटी–केन्जो (पदमचाल), पाँचऔँलेलगायतका जडीबुटी पाइन्छन्, जसले तिम्बुङ पोखरीलाई अध्ययन अनुसन्धानको गन्तव्य पनि बनाएको छ।

तिम्बुङ पोखरी धार्मिक रुपमा पनि महत्वपूर्ण

तिम्बुङ पोखरी प्राकृतिक रुपमा मात्रै नभई धार्मिक आस्थाको केन्द्र पनि हो । धार्मिक हिसाबले यसलाई महत्वपूर्ण मान्ने गरिएको छ । स्थानीय समुदायले यस पोखरीलाई आस्थाको केन्द्रका रूपमा लिँदै आएका छन् । यही धार्मिक महत्व र प्राकृतिक रूपमा सुन्दर भएकाले नेपाल सरकारले देशका प्रमुख पर्यटकीय गन्तव्यमा तिम्बुङ पोखरीलाई पनि समावेश गरेको छ । यहाँ पूजा आराधना गरे मनोकामना पूरा हुने, अनिष्ट नहुने जनविश्वास रहिआएको छ । त्यसैले मानिसहरू धार्मिक हिसाबले समेत यहाँ पुग्ने गर्छन् ।

अझै चुनौती

पर्यटनको सम्भावना उच्च भए पनि तिम्बुङ पोखरी क्षेत्र पूर्वाधार विकासका हिसाबले भने अझै पछि परेको स्थानीयको भनाई छ । समाजसेवी कैलाश राईले पोखरी जाने पदमार्ग, विश्रामस्थान, अन्य आवश्यक संरचना निर्माणका लागि तीनै तहका सरकारको प्राथमिकतामा पर्नुपर्ने बताए । स्थानीय तहले केही लगानी गरे पनि त्यो पर्याप्त हुन नसकेको उनको भनाइ छ । यातायातका लागि सडकको स्तरोन्नति, पदयात्राका लागि पदमार्गको दिगो र भरपर्दो व्यवस्थापन हुन सके पर्यटकीय गतिविधि थप बढेर जाने उनको विश्वास छ । तिम्बुङ पोखरीको प्रचारप्रसारका लागि स्थानीय सरकारको सहयोगमा विभिन्न खेलकुदसहितका गतिविधि हुने गरेकाछन् । केही वर्ष पहिले यहाँ तिम्बुङपोखरी ट्रेल रन आयोजना गरिएको थियो । त्यसै क्रममा प्रचारप्रसारका अन्य गतिविधि समेत भएका थिए । त्यसपछि यहाँ क्रमस पर्यटकहरुको आगमन बढ्दै गएको पर्यटन व्यवसायी अमिर राईले बताए।

भारतको सिक्किमसँग सिमाना जोडिएको तिम्बुङ पोखरी आसपास हाँडी पोखरी, लक्ष्मी पोखरी, लाम पोखरीलगायत थुप्रै पोखरी रहेका छन् । पर्यटन व्यवसायीका अनुसार आवश्यक पूर्वाधार निर्माण, पदमार्ग व्यवस्थापन र प्रभावकारी प्रचारप्रसार गर्नसके तिम्बुङ पोखरीलाई आधार बनाएर सिक्किम हुँदै भारतबाट आउने पर्यटकलाई पूर्वी नेपालको अन्य पर्यटकीय गन्तव्यसम्म आकर्षित गर्न सकिन्छ । यसरी पर्यटकीय परिपथ नै बनाएर अघि बढ्नसके जिल्लाको समग्र पर्यटन क्षेत्रले थप गति लिने र यसले सबैलाई फाइदा पुग्ने व्यवसायीको विश्वास छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता, धार्मिक आस्था, स्थानीय संस्कृति र साहसिक पदयात्राको अनुपम सङ्गम बनेको तिम्बुङ पोखरी पूर्वी नेपालको उदाउँदो पर्यटन गन्तव्यका रूपमा स्थापित हुँदै गएको र अझ व्यवस्थित पूर्वाधार, दिगो पर्यटन योजनासहित प्रवद्र्धन गर्न सकिए तिम्बुङ पोखरीले जिल्लालाई मात्रै नभई मुलुकलाई नै फाइदा पुग्ने पर्यटन व्यवसायीहरू बताउँछन् । ताप्लेजुङको सिदिङ्वा गाउँपालिकाअन्तर्गत पाँचथर ताप्लेजुङको सीमावर्ती क्षेत्रमा पर्ने यस पोखरीमा पाँचथर, ताप्लेजुङ दुवै जिल्लाबाट पुग्न सकिने बाटोहरू छन् । रासस

‘फेक शासन’विरुद्ध भदौ २३ मा

फेरि सडकमा उत्रिने कमन जेनजीको घोषणा

मधेशदृष्टि
वीरगंज ।
जेनजी आन्दोलन सुरु भएको झण्डै एक वर्ष पुग्न लाग्दा ‘कमन जेनजी नेपाल’ले प्रधानमन्त्री वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारविरुद्ध पुनः सडक आन्दोलन घोषणा गरेको छ । संगठनले वर्तमान सरकारलाई ‘असंवैधानिक, दमनकारी र फेक’ शासनको संज्ञा दिँदै आगामी ‘भदौ २३ गते देशव्यापी प्रदर्शन गर्ने’ चेतावनी दिएको हो ।
कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत ‘फेक शासनविरुद्ध असल शासन’ भन्ने नारासहित आन्दोलनमा उत्रिने घोषणा गरेका छन् ।
संगठनले आगामी आन्दोलनलाई आफ्नो रहर नभई बाध्यता भएको दाबी गर्दै सरकारलाई जेनजी आन्दोलनका मूल माग सम्बोधन गर्न दबाब दिने जनाएको छ ।
अध्यक्ष साहका अनुसार जेनजी आन्दोलनको उद्देश्य केवल सरकार वा केही राजनीतिक पात्र परिवर्तन गर्नु थिएन । आन्दोलनको मूल लक्ष्य राज्य प्रणालीमै आमूल परिवर्तन ल्याउनु रहेको उनको दाबी छ । तर आन्दोलनमा स्वार्थ बोकेका तथा ‘छद्मभेषी’ समूह प्रवेश गरी त्यसलाई आफ्नो उद्देश्यअनुसार मोडेको आरोप उनले लगाएका छन् । उनले आन्दोलनलाई ‘समग्र सिस्टम परिवर्तन’को अभियानबाट केही पात्र र सरकार परिवर्तन गर्ने खेलमा सीमित पारिएको गम्भीर आरोप लगाएका छन् । आन्दोलनका क्रममा ज्यान गुमाएका सहिद र घाइतेको अवस्था तथा परिवर्तनको अपेक्षा गरेका नागरिकमा बढ्दै गएको निराशाप्रति समेत उनले सरकारको ध्यानाकर्षण गराएका छन् ।
‘आन्दोलनमा रगत बगाउने सहिद र घाइतेहरू सहाराविहीन बनेका छन् । बदलाव चाहने नेपाली जनता निराश भएका छन्,’ विज्ञप्तिमा अध्यक्ष साहको भनाइ उद्धृत गरिएको छ । कमन जेनजीले बालेन नेतृत्वको वर्तमान सरकारमाथि समेत गम्भीर आरोप लगाएको छ । संगठनका अनुसार सरकारको कार्यशैली नै दमनकारी देखिएको छ । सुकुम्बासीको उठिबास, निर्दोष युवामाथि गोली चलाइएको घटना, संसद तथा संवैधानिक संस्थाको मानमर्दन र नागरिकका संवैधानिक अधिकारमाथि हस्तक्षेपजस्ता गतिविधि सरकारले गरिरहेको आरोप संगठनले लगाएको हो ।
त्यस्तै, सरकार गठन भएको चार महिना बितिसक्दा पनि किसानले मलको समस्या भोगिरहेको, मूल्यवृद्धि नियन्त्रण हुन नसकेको, करको बोझ बढेको तथा ग्यासका लागि लाइन बस्नुपर्ने अवस्था अन्त्य नभएको कमन जेनजीको दाबी छ । जनताका दैनिक समस्या समाधान गर्नुपर्ने सरकार उल्टै ‘काण्डै काण्डको श्रृङ्खला’ निर्माण गर्न केन्द्रित भएको आरोपसमेत संगठनले लगाएको छ । विज्ञप्तिमा विगतको शक्तिशाली सरकारसमेत २४ घण्टामै ढलेको प्रसंग स्मरण गराउँदै वर्तमान सरकारलाई जनताको धैर्यको परीक्षा नलिन चेतावनी दिइएको छ ।
रास्वपा नेतृत्वको वर्तमान सरकारले ४८ प्रतिशत मतदाताको मात्र समर्थन पाएको उल्लेख गर्दै संगठनले बाँकी नागरिकको आवाज र मागलाई समेत गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्ने जनाएको छ । कमन जेनजीले सरकारलाई जनविरोधी गतिविधि नगर्न र जेनजी आन्दोलनका माग पूरा गर्न आग्रह गरेको छ । साथै, आफूहरूको आन्दोलन कुनै राजनीतिक स्वार्थ वा रहरबाट नभई परिस्थितिले सिर्जना गरेको बाध्यता भएको दाबी गर्दै परिवर्तन चाहने युवा, राजनीतिक दल, नागरिक समाज तथा राष्ट्रवादी शक्तिलाई आन्दोलनमा एकताबद्ध हुन आह्वान गरेको छ ।
राज्यसत्तामा ‘छद्मभेषी’ प्रवृत्तिको प्रभाव रहिरहेसम्म मुलुकले सही दिशा लिन नसक्ने संगठनको निष्कर्ष छ । त्यस्ता प्रवृत्तिलाई परास्त गर्न न्यायप्रेमी तथा परिवर्तन पक्षधर सबै शक्ति एक ठाउँमा उभिनुपर्ने अध्यक्ष साहले बताएका छन् । यसअघि सामाजिक सञ्जाल बन्द गर्ने निर्णय तथा भ्रष्टाचारविरुद्ध गत भदौमा भएको जेनजी आन्दोलन चर्किएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए । त्यसपछि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराएको थियो । निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एकल बहुमत प्राप्त गरेपछि वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएको हो ।
तर नयाँ सरकार बनेपछि पनि जेनजी आन्दोलनका मूल माग सम्बोधन हुन नसकेको कमन जेनजीको आरोप छ । अब भदौ २३ गतेको घोषित प्रदर्शनले बालेन सरकारप्रति जेनजी पक्षधर असन्तुष्टि कति व्यापक छ र सरकार त्यसलाई कसरी सम्बोधन गर्छ भन्ने प्रश्न फेरि सतहमा ल्याएको छ । आन्दोलनको एक वर्ष पुग्नै लाग्दा उठेको यो नयाँ चुनौतीले सरकारको सुशासन, जवाफदेहिता र जेनजी आन्दोलनप्रतिको प्रतिबद्धताको समेत परीक्षा लिने देखिएको छ ।

स्रोत नखुलेको ५२ लाख ५० हजार
नगदसहित चारजना पक्राउ

मधेशदृष्टि
वीरगंज।
पर्सा प्रहरीले वीरगंजबाट स्रोत नखुलेको ठूलो परिमाणको नगदसहित चार जनालाई पक्राउ गरेको छ । प्रहरीले ५२ लाख ५० हजार रुपैयाँ नगद बरामद गर्दै दुईवटा मोटरसाइकलमा सवार चार जनालाई नियन्त्रणमा लिएको हो । विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट परिचालित प्रहरी टोलीले सोमबार साँझ करिब ६:३० बजे वीरगंज महानगरपालिका–१०, आदर्शनगरमा दुईवटा मोटरसाइकल रोकेर जाँच गरेको थियो। जाँचका क्रममा मोटरसाइकलमा सवार व्यक्तिहरूको साथबाट ठूलो परिमाणमा नगद फेला परेको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार प्रदेश २–०३–००३ प ७२१५ नम्बरको कालो सुपर स्प्लेन्डर र ना.५७ प ५१८२ नम्बरको निलो एफजेड मोटरसाइकलमा सवार उनीहरूलाई नियन्त्रणमा लिएर खानतलासी गर्दा स्रोत नखुलेको ५२ लाख ५० हजार रुपैयाँ फेला परेको हो । पक्राउ पर्नेमा भारत बिहारको सितामढी जिल्ला डुमरा–६ का २६ वर्षीय सुरज कर्ण, बारा प्रसौनी गाउँपालिका–१ का ३२ वर्षीय उपेन्द्र साह, सोही स्थानका २६ वर्षीय सागर कुमार सर्राफ र पर्सा विन्दवासिनी गाउँपालिका–१ झौवागुठीका २५ वर्षीय राहुल कुमार गुप्ता रहेका छन्।
प्रहरीले बरामद गरेको रकम विभिन्न दरका नोटमा रहेको जनाएको छ। बरामद नगदमा एक हजार दरका ४ हजार ५ थान नोटबाट ४० लाख ५ हजार रुपैयाँ, पाँच सय दरका २ हजार ३ सय ५३ थान नोटबाट ११ लाख ७६ हजार ५ सय रुपैयाँ, एक सय दरका ६ सय ४३ थान नोटबाट ६४ हजार ३ सय रुपैयाँ र ५० दरका ८४ थान नोटबाट ४ हजार २ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ। यसरी प्रहरीले चार जनाको साथबाट ठूलो परिमाणको नगद फेला पारेपछि रकमको स्रोत तथा प्रयोजनबारे अनुसन्धान अघि बढाएको छ।
प्रहरीले नगदसँगै दुवै मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ । पक्राउ परेका चारै जनामाथि रकमको स्रोत, कारोबारको प्रकृति तथा सम्भावित संलग्नताबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।
प्रहरीले बरामद रकमको वैध स्रोत खुल्न नसकेको प्रारम्भिक आधारमा अनुसन्धान अघि बढाएको जनाएको छ। घटनासँग जोडिएका अन्य पक्ष तथा रकमको वास्तविक प्रयोजनबारे अनुसन्धानपछि थप तथ्य खुल्ने प्रहरीले जनाएको छ।

मानव अधिकार संरक्षणमा सबैको सहयोग आवश्यक: सभामुख

जनकपुरधाम।
मधेस प्रदेशका सभामुख रामआशिष यादवले मानव अधिकार संरक्षण र प्रवद्र्धनका लागि राज्य, नागरिक समाज र समुदायबीच सहकार्य अपरिहार्य रहेको बताएका छन्।
वैद्य–प्रकाश मानव अधिकार पुरस्कार कोषद्वारा आयोजित ३४ औँ प्रकाश स्मृति दिवस तथा पुरस्कार वितरण कार्यक्रममा सभामुख यादवले मानव अधिकारको रक्षाका लागि समाजका सबै पक्षको सक्रिय सहयोग आवश्यक रहेको बताए । संस्थागत प्रयासले मानव अधिकारकर्मीलाई थप उत्साह र ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्दै उनले यसले मानव अधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न प्रेरणा मिल्ने बताए।
कार्यक्रममा सभामुख यादवले यस वर्षको वैद्य–प्रकाश मानवअधिकार पुरस्कार–२०८३ मानवअधिकारकर्मी राजु पासवानलाई प्रदान गरे । पासवानलाई रु ११ हजार ५०० नगद, सम्मानपत्र र दोसल्ला प्रदान गरे । सप्तरीको शम्भुनाथ नगरपालिका–१ क्चनदाहा निवासी ४८ वर्षीय पासवान अनौपचारिक सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशका संयोजक छन् । वैद्य–प्रकाश मानव अधिकार पुरस्कार कोषका संस्थापक एवं अध्यक्ष वैद्यनाथ झाले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट प्राप्त रु ५० हजारको प्रकाश मानव अधिकार पुरस्कारबाट वैद्य–प्रकाश मानवअधिकार पुरस्कार कोष स्थापना गरिएको हो । सो पुरस्कार २०६७ सालदेखि प्रत्येक वर्ष मानव अधिकार, नागरिक आन्दोलन र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण योगदान पु¥याउने व्यक्तित्वलाई प्रदान गर्दै आएको छ।
सो अवसरमा सातौँ उर्मिला देवी झा स्मृति मैथिली लोकगीत गायन पुरस्कार–२०८३ बाट शीमला देवी झा सम्मानित भए। झालाई नगद रु दुई हजार ५००, प्रमाणपत्र र दोसल्ला प्रदानसहित सम्मान गरिएको आयोजकले जनाएको छ। रासस

गोलबजारमा सामाजिक सद्भाव ऱ्याली

मधेशदृष्टि
सिरहा।
सामाजिक सद्भाव तथा आपसी भाइचारा कायम गर्ने उद्देश्यले सिरहाको गोलबजारमा मंगलबार ‘सामाजिक सद्भाव ऱ्याली’ निकालिएको छ । सुनसरीको देवानगञ्ज गाउँपालिका–कप्तानगञ्जमा दुई समूहबिच भएको विवादले उग्र रूप लिएपछि उत्पन्न तनावलाई साम्य पार्दै सामाजिक एकता कायम गर्ने उद्देश्यले ऱ्याली निकालिएको हो। नागरिक समाज गोलबजारको अगुवाइमा निकालिएको ऱ्यालीले गोलबजार बजार क्षेत्रको परिक्रमा गरेको थियो । ऱ्यालीमा विभिन्न समुदायका स्थानीयवासी, नागरिक समाजका प्रतिनिधि, व्यवसायी तथा स्थानीय अगुवाहरूको सहभागिता रहेको थियो।
ऱ्यालीमा सहभागीहरूले सबै समुदायलाई संयमित रहन, अफवाहको पछि नलाग्न, आपसी सद्भाव कायम राख्न तथा सामाजिक एकता बलियो बनाउन आग्रह गरेका थिए । यसैबीच, शान्ति–सुरक्षाको माग गर्दै आन्दोलनपछि बन्द रहेका मुस्लिम समुदायका पसल मंगलबारदेखि खुलेका छन्।

गड्यौला मल बेचेर लाखौँ आम्दानी गर्दै

सिङ्गबहादुर थापा
सर्लाही।
सर्लाहीको लालबन्दीका सन्त लोप्चनले रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मेहनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण पेस गरेका छन् । लालबन्दी नगरपालिका–२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गड्यौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहेका हुन् । चौध वर्षदेखि घरमै सञ्चालन गरेको फर्मबाट उत्पादन गरेको जैविक र गड्यौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल भएका छन्। ‘मिहेनत गर्ने हिम्मत र हातमा सीप भए एक दुई लाख कमाउन विदेश जानु पर्दैन’, लोप्चनले भने । धमाधम मल प्याकिङ गरिरहनु भएको लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताउँछन् । जैविक मल बोट बिरुवाको लागि निकै उपयोगी मानिन्छ । यहाँ उत्पादन भएको मल गाउँ घरमा गमलामा फूल रोप्नदेखि नर्सरीमा बिरुवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्दछन् । सुरुमा जैविक तथा गड्यौला मल बोटबिरुवाको लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उनको कथन छ । अहिले उहाँहरु आफैँ मल खोज्दै आउनहुन्छ, खुसी लाग्छ लोप्चनले सुनाए । साना बेर्ना तथा बोट बिरुवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गड्यौला मलको माग उच्च रहेको उनले सुनाए।
गड्यौला मल कृषि बजारमा कालो हीरा (ब्ल्याक डाइमण्ड) को रुपमा बिक्री वितरण हुने गरेको छ।
लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गड्यौला मल उत्पादनसम्बन्धी सात दिनको तालिम लिएका थिए । तालिम लिएर आएपछि उत्पादन सुरु गरेको उनले बजार खोज्दाको सास्ती अझै भुलेका छैनन् । गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरुवामा हाल्ने मन ल्याउने चलन थियो । ‘मैले धेरै अनुरोध गरी सम्झाए बुझाएँ’, उनले भने, ‘आफ्नो गाडीले १०÷१० बोरा मल निःशुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरेँ । खेती राम्रो भएपछि किसानहरु आफैँ

मल खोज्दै आउन थाले ।’ तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीको लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो । त्यसपछि बजारले आफूलाई खोज्न थालेको उनले सुनाए । तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गड्यौला पाएपछि सुरु गरेको मल उत्पादन अहिले उनको मनग्य आम्दानीको बाटो बनेको छ।
लालबन्दी–२, जुटपानी घरैमा उनले लोप्चन गाई फर्म तथा भार्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहेका छन्। सोही फर्मको नाममा बोरामा २५ किलोको दरले प्याक गरेको जैविक तथा गड्यौला मल काठमाडौँ, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ।
जिल्लाका गमलामा फूल सजाउने बगैँचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसान समेत यस मलप्रति आकर्षित भएका छन् । पच्चीस किलोको एउटा बोरा मलको रु ३२५ पर्छ। ‘धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौँ पठाउने गरेको थिए’, उनले भने, ‘भएनभन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु। उता पनि आफ्ना ग्राहक छन् ।’ ट्रकमा ४०० बोराका दरले मल जान्छ। लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गरे । अहिले दुई छोरा एउटा युरोप र अर्को मलेसियामा छन् । पुगेको छ । उसलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उनको भनाइ छ। लोप्चनले तीन सन्तानको पठनपाठन र लालनपालनको दायित्व अझै यसैको आम्दानीबाट पूरा गरिरहेका छन् । चार मजदुर र उनी र श्रीमती नियमित काममा लाग्ने गरेका छन्।

काठमाडौँमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामा समेत धौधौ भयो । त्यसपछि उनी भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर गाउँ फर्किएका थिए । गाउँमा किसान समूह गठन गरेका थिए । समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने जाने गरिरहन्थे ।

उनीहरुले दिएको ज्ञानबाट यो पेसामा लग्न प्रेरित गरेको बताउँछन्। अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गड्यौला मल बिक्री गरेर रु २० देखि २२ लाखसम्म आम्दानी गर्ने गरेको उनको भनाइ छ।
सुरुमा गड्यौला समेत बिक्री गरेर आम्दानी गर्ने गरेको भएपनि अहिले मल उत्पादनमा जोड दिएका छन् । गड्यौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गड्यौला बिक्री गर्न छाडेको उनले बताए। यहाँ गड्यौला मात्र प्रतिगोटा दुई रुपैयाँमा बिक्री हुन्छ । यसबाट समेत ठूलो रकम आम्दानी गर्न सकिने उनको सुझाव छ । गाउँघर र वनमा कुहिएर रहेका पातपतिङ्गर, परालगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गड्यौला मल तयार गर्ने गरिएको लोप्चनले बताए। गड्यौला मलको लागि गोबर मल प्रति ट्रेलर तीन हजार र ढुवानी र मजदुर खर्च १५ सय लगानी पर्ने उनको भनाइ छ।
‘जैविक घाँसपात र गोबर जम्मा गरेर गड्यौलालाई दिएपछि गड्यौलाले खाएर मल तयार गरिदिन्छ’, उनले भने, ‘यसरी गड्यौलाले खाएर मलको रुपमा निकालेको धुलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ ।’ लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दुःख, फोहर र मोहर यसैमा रहेको उनी बताउँछन्।
कम्पोष्ट मलको प्रयोगले जमिनको उर्बर शक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनालले बताउँछन्। रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमा समेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उनको जोड छ। रासस

राष्ट्रिय सम्मानसहित साहित्यकार डा. राजेन्द्रप्रसाद विमलको अन्त्येष्टि

मधेशदृष्टि
जनकपुरधाम।
वरिष्ठ साहित्यकार तथा भाषाविद् डा. राजेन्द्रप्रसाद विमलको मंगलबार जनकपुरधाममा राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गरिएको छ । नेपाली, मैथिली, हिन्दी र अंग्रेजी साहित्य तथा भाषा अनुसन्धानमा महत्वपूर्ण योगदान पु¥याएका विमलको ८१ वर्षको उमेरमा सोमबार राति निधन भएको थियो । जनकपुरधाममा आयोजित अन्तिम श्रद्धाञ्जलीपछि विमलको पार्थिव शरीरलाई नेपाल सरकारको तर्फबाट शोक सलामीसहित अन्त्येष्टि गरिएको हो । संघीय सरकारका प्रतिनिधि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले विमलको पार्थिव शरीरमा नेपालको राष्ट्रिय झण्डा ओढाएर सम्मान गरेका थिए । मन्त्री पौडेलले विमलसँगको पहिलो भेट तथा आफ्नो साहित्यिक यात्रामा उनले पु¥याएको सहयोग स्मरण गरेका थिए।

अन्तिम श्रद्धाञ्जलीका क्रममा साहित्यकार, प्राध्यापक, लेखक, विद्यार्थी, राजनीतिकर्मी तथा विभिन्न क्षेत्रका व्यक्तिले विमलप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए । उनको निधनले नेपाली तथा मैथिली साहित्य र भाषा अनुसन्धानको क्षेत्रमा अपूरणीय क्षति पुगेको सहभागीहरूले बताएका छन् । मधेश प्रदेश सरकारले पनि विमलको निधनप्रति शोक व्यक्त गर्दै परिवारप्रति समवेदना प्रकट गरेको छ । प्रदेश सरकारको तर्फबाट समवेदना पत्रसमेत अर्पण गरिएको थियो । साहित्य, भाषा, शिक्षा र अनुसन्धानको क्षेत्रमा विमलले पु¥याएको योगदानको स्मरण गर्दै प्रदेश सरकारले उनको निधनले साहित्य तथा बौद्धिक क्षेत्रमा ठूलो क्षति पुगेको जनाएको छ।

विमलको सोमबार राति करिब साढे ११ बजे परिवारका सदस्यसँग कुराकानी गरिरहेका बेला अचानक स्वास्थ्यमा समस्या देखिएको थियो । तत्काल नजिकैको अस्पताल लगिए पनि उपचारकै क्रममा राति पौने १ बजे उनको निधन भएको उनका कान्छा छोरा डा. विभाष लाभले जानकारी दिएका थिए । विमल विसं २०२९ सालदेखि त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयको अध्यापनमा आबद्ध भएका थिए । चार दशकभन्दा लामो समय शिक्षण, अनुसन्धान र साहित्य सिर्जनामा सक्रिय उनले साहित्यलाई सिर्जनामा मात्र सीमित नराखी भाषा, समाज र संस्कृतिको अध्ययनसँग समेत जोडेर अघि बढाएका थिए।

भाषाविज्ञानमा विद्यावारिधि गरेका विमलले नेपाली, मैथिली र हिन्दी विषयमा स्नातकोत्तर गरेका थिए । उनले नेपाली, मैथिली र अंग्रेजी भाषामा साहित्यका विभिन्न विधामा कलम चलाएका थिए । साहित्य सिर्जनासँगै अध्यापन, भाषा अनुसन्धान र अध्ययनका क्षेत्रमा समेत उनको महत्वपूर्ण योगदान रहेको थियो । नेपाली र मैथिली समाजको सामाजिक, सांस्कृतिक तथा भाषिक परिवेशलाई आफ्ना लेखन तथा अनुसन्धानमा समेटेका विमलले साहित्य तथा भाषा क्षेत्रमा पु¥याएको योगदानका लागि जगदम्बाश्री पुरस्कार, मधुपर्क सम्मानलगायत विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गरेका थिए।

जनकपुरधामका शैक्षिक संस्था बुधबार बन्द रहने

वरिष्ठ साहित्यकार तथा भाषाविद् प्राध्यापक डा. राजेन्द्रप्रसाद विमलको निधनमा जनकपुरधाम उपमहानगरपालिकाभित्रका सम्पूर्ण शैक्षिक संस्था बुधबार एक दिनका लागि बन्द हुने भएका छन्।

जनकपुरधाम उपमहानगरपालिकाले मंगलबार सूचना जारी गर्दै सामुदायिक तथा संस्थागत विद्यालयमा २०८३ साउन २७ गते बुधबार शोक बिदा दिने निर्णय गरेको हो। उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहद्वारा जारी पत्रमा डा. विमलको निधनले जनकपुरधामको शिक्षा, संस्कृति, पूर्वीय दर्शन तथा मैथिली र नेपाली साहित्यको क्षेत्रमा अपूरणीय क्षति पुगेको उल्लेख गरिएको छ । उपमहानगरपालिकाले डा. विमललाई भाषाविद्, शिक्षाविद् तथा वरिष्ठ साहित्यकारका रूपमा स्मरण गर्दै उनको निधनले जनकपुरधामको साहित्यिक क्षेत्रमा अभिभावक गुमाएको जनाएको छ । डा. विमलको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उपमहानगरपालिकाले शोकको घडीमा परिवारजनप्रति समवेदना प्रकट गरेको छ । साथै, उनको योगदानको सम्मानस्वरूप उपमहानगरपालिका क्षेत्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा एक दिन पठनपाठन बन्द गरी शोक मनाउन आग्रह गरेको छ । डा. विमलको साउन २५ गते राति करिब १ बजे निधन भएको थियो । नेपाली, मैथिली, हिन्दी तथा अंग्रेजी साहित्य र भाषा अनुसन्धानमा लामो समय योगदान दिएका विमल त्रिभुवन विश्वविद्यालयमा लामो समय नेपाली विषयको अध्यापनमा समेत आबद्ध थिए।

‘वन्दे मातरम्’को १५० वर्ष पूरा:
वीरगंजमा विशेष सांस्कृतिक साँझ

मधेशदृष्टि
वीरगंज।
‘वन्दे मातरम्’को १५० वर्ष पूरा भएको अवसर तथा भारतको ८० औँ स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा भारतको महावाणिज्य दूतावास, वीरगंजले विशेष सांस्कृतिक साँझ आयोजना गरेको छ । वीरगंजमा आयोजित कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थी तथा चर्चित कलाकारहरूले संगीत, नृत्यलगायतका विविध सांस्कृतिक प्रस्तुति दिएका थिए। विद्यार्थी र कलाकारहरूको प्रस्तुतिले कार्यक्रमस्थललाई उत्साह, उल्लास र सांस्कृतिक रंगले भरिएको थियो।

कार्यक्रममा वीरगंजका विभिन्न क्षेत्रका १५० भन्दा बढी व्यक्तिको सहभागिता रहेको थियो। वीरगंज चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री (वीरगंज उद्योग वाणिज्य संघ), नेपाल–भारत मैत्री संघ, महिला प्रतिनिधि, शिक्षक, प्रधानाध्यापक, कलाकार तथा विभिन्न सामाजिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको उल्लेख्य सहभागिता रहेको आयोजकले जनाएको छ । कार्यक्रममा प्रस्तुत गरिएका संगीत तथा नृत्यले दुई देशबीचको साझा सांस्कृतिक सम्बन्धलाई उजागर गरेको थियो।

विशेषगरी विद्यार्थी तथा स्थानीय कलाकारहरूको सहभागिताले सांस्कृतिक सम्बन्धलाई नयाँ पुस्तासम्म विस्तार गर्ने सन्देश दिएको थियो।

‘वन्दे मातरम्’को १५० वर्ष पूरा भएको ऐतिहासिक अवसरलाई स्मरण गर्दै आयोजना गरिएको सांस्कृतिक साँझले नेपाल र भारतबीच लामो समयदेखि रहँदै आएको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाउने उद्देश्यसमेत बोकेको आयोजकको भनाइ छ। भारतको स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा आयोजित कार्यक्रमले दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध र साझा सांस्कृतिक विरासतलाई समेत प्रतिबिम्बित गरेको थियो । वीरगंज र भारतबीचको निकट सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई ध्यानमा राख्दै यस्ता कार्यक्रमले जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा सहभागी विद्यार्थी, शिक्षक, कलाकार, व्यवसायी तथा सामाजिक क्षेत्रका प्रतिनिधिहरूले सांस्कृतिक आदानप्रदानले नेपाल–भारत सम्बन्धलाई जनस्तरसम्म थप मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने धारणा राखेका थिए।

भारतको राष्ट्रिय चेतनासँग जोडिएको ‘वन्दे मातरम्’को १५०औँ वर्षलाई केन्द्रमा राखेर आयोजना गरिएको सांस्कृतिक साँझ यसरी नेपालमा पनि साझा इतिहास, संस्कृति र जनस्तरको सम्बन्धलाई स्मरण गर्ने अवसर बनेको थियो।

‘सुशासनको अनुभूति दिलाउन कर्मचारीतन्त्रलाई जिम्मेवार र प्रशिक्षित बनाउनुपर्छ’: सांसद पन्त

मधेशदृष्टि
वीरगंज।
पर्सा क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य बुद्धि प्रसाद पन्त (हरि पन्त)ले सरकार परिवर्तनले मात्र जनताले परिवर्तनको अनुभूति गर्न नसक्ने भन्दै सरकारी कर्मचारीतन्त्रलाई जनताप्रति उत्तरदायी, जिम्मेवार र प्रशिक्षित बनाउनुपर्ने बताएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद पन्तले निर्वाचन क्षेत्रमा पुगेर नागरिकसँग निरन्तर संवाद गर्दा उनीहरूले आफ्ना समस्या, गुनासा र अपेक्षासँगै समाधानका उपायसमेत प्रस्तुत गरिरहेको बताए । जनतामा सरकारप्रति ठूलो आशा र भरोसा रहेकाले त्यसलाई व्यवहारमै सम्बोधन गर्ने गरी राज्य संयन्त्र परिचालन गर्नुपर्ने उनको भनाइ थियो।

पन्तले लामो समयदेखि जरा गाडेर बसेका भ्रष्टाचार, अनियमितता र प्रशासनिक बेथिति केही सातामै अन्त्य गर्न कठिन भए पनि त्यसविरुद्ध सरकारले देखिने गरी कदम चाल्नुपर्ने बताए । सरकारविरुद्ध भ्रम र निराशा फैलाउने प्रयास भइरहे पनि नागरिक त्यसप्रति सचेत रहेको उल्लेख गर्दै उनले जनताको विश्वासलाई कमजोर हुन नदिन सेवा प्रवाहमै सुधार आवश्यक रहेको बताए । उनका अनुसार अहिले तत्काल सम्बोधन गर्नुपर्ने प्रमुख विषयमध्ये किसानलाई समयमै सहज रूपमा मलखाद उपलब्ध गराउनु पनि हो । कृषि उत्पादनको महत्वपूर्ण समयमा किसानले मलका लागि भौंतारिनुपर्ने अवस्थाको अन्त्य गर्न सरकार गम्भीर बन्नुपर्ने उनले बताए।

त्यसैगरी, जिल्ला प्रशासन, जिल्ला प्रहरी, नापी, मालपोत र यातायात कार्यालयबाट नागरिकले बिना लेनदेन, बिना सिफारिस र अनावश्यक झन्झटबिना कानुनी प्रक्रियाअनुसार सेवा पाउने वातावरण बनाउनुपर्नेमा पन्तले जोड दिए। नागरिकता, राहदानी, सवारी चालक अनुमतिपत्र तथा इन्धन प्राप्त गर्न विगतमा जस्तै लामो समयसम्म लाइनमा बस्नुपर्ने अवस्था अझै दोहोरिन नहुने उनले बताए । प्रविधि र प्रशासनिक सुधारको युगमा सामान्य सेवाका लागि नागरिकले घण्टौं लाइन बस्नुपर्ने अवस्थाले सरकारप्रतिको विश्वास कमजोर बनाउने उनको भनाइ थियो।

‘जनताको सरकारप्रतिको आशा र भरोसा जायज छ,’ पन्तले भने, ‘त्यसैले उनीहरूका चासो र समस्या तत्काल सम्बोधन हुने गरी सरकार गम्भीर बन्नुपर्छ ।’ जेन्जी आन्दोलनको जगमा बनेको वर्तमान सरकारप्रति नागरिकले राखेको आशा, भरोसा र विश्वासलाई कमजोर हुन नदिन सरकारका काम, कर्तव्य र जिम्मेवारीप्रति कर्मचारीतन्त्रलाई समेत जवाफदेही बनाउनुपर्ने उनले बताए । पन्तले सरकारअन्तर्गतका सचिव, सहसचिव, उपसचिव र अधिकृतदेखि जिल्लामा खटिने प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा अन्य कार्यालय प्रमुखलाई जिम्मेवारीमा पठाउनुअघि छुट्टै संसदीय संयन्त्रमार्फत अभिमुखीकरण, तालिम र प्रशिक्षण दिने व्यवस्था गर्नुपर्ने प्रस्ताव अघि सारे।

उनका अनुसार राजनीतिक नेतृत्व परिवर्तन भए पनि राज्यको स्थायी संयन्त्रका रूपमा रहेको कर्मचारीतन्त्रको कार्यशैली तत्कालै बदलिन नसक्ने भएकाले नयाँ सरकारको नीति, उद्देश्य र जनादेशअनुसार काम गर्न कर्मचारीलाई स्पष्ट रूपमा प्रशिक्षित र जिम्मेवार बनाउन आवश्यक छ । ‘जनताले पुरानाले गरेनन् वा गर्न सकेनन् भनेर नयाँलाई चुनेर पठाएका छन्,’ पन्तले भने, ‘जनतासँग प्रत्यक्ष सम्पर्कमा रहने ब्युरोक्रेसीलाई तत्काल परिवर्तन गर्न सम्भव छैन । त्यसैले सरकारको स्प्रिट र जनताको म्यान्डेटअनुसार काम गर्न उनीहरूलाई प्रशिक्षित र जिम्मेवार बनाउनुपर्छ।’

उनले सरकारको सफलता केवल नीति, निर्णय र भाषणबाट नभई नागरिकले सरकारी कार्यालयबाट कस्तो सेवा पाउँछन् भन्ने आधारमा मापन हुने बताए । जनताको दैनिक जीवनसँग जोडिएका प्रशासनिक सेवामा सुधार नगरी सुशासनको नारा मात्र दिएर सरकारप्रतिको विश्वास कायम गर्न नसकिने उनको भनाइ थियो । सरकारले जनताको अपेक्षा र विश्वासलाई व्यवहारमा रूपान्तरण गर्न सेवा प्रवाहलाई पहिलो प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै पन्तले राज्य संयन्त्रलाई नागरिकमैत्री, पारदर्शी र उत्तरदायी बनाउन तत्काल ठोस कदम चाल्न सरकारको ध्यानाकर्षण गराए।

८ वटा विद्यालयमा ‘उज्यालो परियोजना’

मधेशदृष्टि
जितपुर।
जीतपुरसिमरा उपमहानगरपालिकाले नगरका विभिन्न आठ वटा विद्यालयमा ‘उज्यालो परियोजना’ सञ्चालन गर्ने भएको छ । सूर्य नेपाल प्रालिको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत करिब ६५ लाख रुपैयाँको लागतमा परियोजना सञ्चालन हुन लागेको हो।

‘शून्य शैक्षिक गरिबी’को अवधारणामा आधारित परियोजना कार्यान्वयनका लागि युनाइटेड वल्र्ड स्कुल्स नेपाल, जीतपुरसिमरा उपमहानगरपालिका र सम्बन्धित विद्यालयबीच त्रिपक्षीय सम्झौता भएको छ।

परियोजना वडा नं. १० का श्री ने.रा. आधारभूत विद्यालय नितनपुर र श्री ने.रा. आधारभूत विद्यालय बेहेरा बलुवा, वडा नं. २० का बिक्रम आधारभूत विद्यालय बसतपुर र दुलारीमाई आधारभूत विद्यालय बस्डिलवा, वडा नं. ११ का श्री ने.रा. आधारभूत विद्यालय अमाडार र श्री ने.रा. आधारभूत विद्यालय खैरवा, वडा नं. ८ को श्री ने.रा. आधारभूत विद्यालय लोसन्डा तथा वडा नं. ६ को श्री ने.रा. आधारभूत विद्यालय नगौलमा सञ्चालन हुने उपमहानगर पालिकाले जनाएको छ।

मन्त्रीको प्रतिबद्धतापछि ढल्केवर ट्रमा सेन्टरको सडक आन्दोलन स्थगित

मधेशदृष्टि
जनकपुरधाम।
धनुषाको ढल्केवरमा ट्रमा सेन्टर निर्माण गर्ने स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताको प्रतिबद्धतापछि ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समितिले पूर्वनिर्धारित सडक आन्दोलनका कार्यक्रम तत्कालका लागि स्थगित गरेको छ। संघीय सरकारले ढल्केवरमा निर्माण गर्ने भनिएको ट्रमा सेन्टरका विषयमा मन्त्री मेहताले प्रतिनिधिसभामा दिएको विवादित अभिव्यक्तिको विरोधमा संघर्ष समितिले साउन २१ गतेदेखि विभिन्न आन्दोलनका कार्यक्रम गर्दै आएको थियो।

आन्दोलनको पाँचौँ दिन साउन २५ गते स्वास्थ्य तथा जनसंख्यामन्त्री मेहता स्वयं ढल्केवरमै निर्माण हुने स्पष्ट प्रतिबद्धता जनाएपछि तत्कालका लागि सडक आन्दोलन स्थगित गर्ने निर्णय गरिएको समितिले जनाएको छ। ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समितिका संयोजक महेन्द्र महतोद्वारा जारी प्रेस विज्ञप्तिमा मन्त्रीको प्रतिबद्धतालाई सकारात्मक रूपमा लिँदै आन्दोलनको स्वरूप परिवर्तन गरिएको उल्लेख छ । ट्रमा सेन्टर निर्माणको कार्यान्वयन प्रक्रिया यथाशीघ्र अघि बढाउन सरकारमाथि दबाब सिर्जना गर्ने संघर्षका कार्यक्रम भने जारी रहने समितिले जनाएको छ।

समितिले सरकारसँग आश्वासनमा मात्र सीमित नरही ट्रमा सेन्टर निर्माणका लागि आवश्यक बजेट विनियोजन, प्रशासनिक प्रक्रिया र निर्माणसम्बन्धी काम तत्काल अघि बढाउन माग गरेको छ।

मन्त्रीको प्रतिबद्धता कार्यान्वयनमा ढिलाइ भएमा आन्दोलनलाई पुनः सशक्त बनाउने चेतावनीसमेत समितिले दिएको छ । ढल्केवरमा निर्माण हुने ट्रमा सेन्टर कुनै पनि बहानामा अन्यत्र सार्ने वा प्रक्रिया लम्ब्याउने प्रयास स्वीकार्य नहुने समितिले स्पष्ट पारेको छ।

ट्रमा सेन्टर निर्माणका लागि स्थानीयस्तरमा देखिएको एकता, जनप्रतिनिधि तथा राजनीतिक दलको ऐक्यबद्धता र नागरिक तहबाट प्राप्त समर्थनले संघर्षलाई थप ऊर्जा प्रदान गरेको समितिले जनाएको छ।

समितिले आन्दोलनका क्रममा साथ, सहयोग र ऐक्यबद्धता जनाउने जनप्रतिनिधि, राजनीतिक दल, उद्योगी–व्यवसायी, नागरिक समाज, पत्रकार तथा विभिन्न संघसंस्थालाई धन्यवादसमेत दिएको छ।

ई–रिक्सा र मोटरसाइकल ठोक्किदा तीनजना घाइते

मधेशदृष्टि
रौतहट।
रौतहटको चन्द्रपुर नगरपालिका–२ स्थित पूर्व–पश्चिम राजमार्गको पूर्वी दोस्रो लच्कानजिक इ–रिक्सा र मोटरसाइकल आपसमा ठोक्किँदा तीन जना घाइते भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका अनुसार मंगलबार बिहान करिब ९:२० बजे पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना.१ ह ३७८२ नम्बरको इ–रिक्सालाई सोही दिशाबाट आएको ना.६५ प ४१२१ नम्बरको मोटरसाइकलले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको हो । दुर्घटनामा इ–रिक्सा चालक चन्द्रपुर नगरपालिका–५ का ४३ वर्षीय राजकुमार राई, मोटरसाइकल चालक मकवानपुरको बकैया गाउँपालिका–४ का २० वर्षीय मानव तामाङ र मोटरसाइकलमा सवार १६ वर्षीया सोनी तामाङ घाइते भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापामगरका अनुसार घाइते तीनै जनाको चन्द्रपुरस्थित चन्द्रपुर प्रालि अस्पतालमा उपचार भइरहेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन